# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७१) काठमाडौं, साउन १९ गते, २०७८ साल (अतिरिक्ताङ्क ३१

## भाग ३

## नेपाल सरकार

## शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको

## सूचना

**राष्ट्रिय चिकित्सा शिक्षा (पहिलो संशोधन) नियमावली, २०७८**

राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ५४ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरूको नाम "राष्ट्रिय चिकित्सा शिक्षा (पहिलो संशोधन) नियमावली, २०७८" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ मा नियम ९क. थपः** राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ (यस पछि "मूल नियमावली" भनिएको) को नियम ९ पछि देहायको नियम ९क. थपिएको छः-

"**९क. प्राविधिक कार्यक्रम स्तरोन्नति (अपग्रेड) गर्ने वा हटाउने (फेजआउट)**: (१) आयोगले देहायको आधारमा परिषद् अन्तर्गत सञ्चालित प्रमाणपत्र तहभन्दा मुनिको स्वास्थ्य शिक्षा सम्बन्धी प्राविधिक कार्यक्रमको स्तरोन्नति गर्नेछः-

(क) विगत दुई आर्थिक वर्षदेखि निरन्तर सञ्चालनमा रहेको,

तर प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषद्बाट स्वीकृति लिई कम्तीमा दुई वर्ष कार्यक्रम सञ्चालन नगरेको वा संस्था सञ्चालनको स्वीकृति प्रचलित कानून बमोजिम स्थगन वा रद्द भएको संस्थाको कार्यक्रम स्तरोन्नति गरिने छैन ।

(ख) स्तरोन्नति गर्न चाहने संस्थाले परिषद्ले तोकेको प्रमाणपत्र तहको कार्यक्रम सञ्चालनका लागि चाहिने न्यूनतम मापदण्ड पूरा गरेको,

(ग) खण्ड (क) बमोजिम सञ्चालनमा रहेका दुई वा दुई भन्दा बढी संस्थाहरू

प्रचलित कानून बमोजिम गाभिई (मर्ज भई) सञ्चालनमा रहेको ।

(२) उपनियम (१) बमोजिम स्तरोन्नति नभएका परिषद् अन्तर्गत सञ्चालित प्रमाणपत्र तह भन्दा मुनिका स्वास्थ्य शिक्षा सम्बन्धी प्राविधिक कार्यक्रम हटाइनेछ।"

३. **मूल नियमावलीमा नियम १०क. थप:** मूल नियमावलीको नियम १० पछि देहायको नियम १०क. थपिएको छः-

"१०क. **परामर्श गर्नु पर्ने:** नियम १० बमोजिम सार्वजनिक शिक्षण संस्थामा स्नातकोत्तर तहको अध्ययनका लागि विषयगत सिट सङ्ख्या निर्धारण गर्दा आयोगले नेपाल सरकारको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसँग परामर्श गर्नु पर्नेछ ।"

४. **मूल नियमावलीको नियम १५ मा संशोधन:** मूल नियमावलीको नियम १५ मा रहेका "प्रवेश परीक्षा हुने मितिभन्दा कम्तीमा पन्ध्र दिन अगावै" भन्ने शब्दहरू झिकिएका छन् ।

५. **मूल नियमावलीको नियम १६ मा संशोधन:** मूल नियमावलीको नियम १६ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः-

"(१) स्नातकोत्तर तहको लागि लिएको एकीकृत प्रवेश परीक्षामा सरकारी चिकित्सकले प्राप्त गरेको अङ्कमा देहाय बमोजिम अनुभव र दुर्गम क्षेत्रमा काम गरे बापतको अधिकतम दश अङ्क जोडी कुल प्राप्ताङ्क कायम गरी योग्यताक्रमको सूची कायम गरिनेछः-

(क) अनुभव बापत प्रति वर्ष दुई अङ्कका दरले बढीमा चार अङ्क,

(ख) दुर्गम क्षेत्रमा काम गरे वापत छ अङ्कमा नबढ्ने गरी अनुसूची -५ मा उल्लेख भए बमोजिमको अङ्क ।

स्पष्टीकरण: यस नियमको प्रयोजनको लागि "सरकारी चिकित्सक" भन्नाले प्रचलित कानून बमोजिम गठन भएको नेपाल स्वास्थ्य सेवाको स्थायी पदमा कार्यरत चिकित्सक, सैनिक प्राविधिक सेवाको सैनिक स्वास्थ्य समूह, प्रहरी सेवाको प्राविधिक प्रहरी समूह अन्तर्गतको स्वास्थ्य उपसमूह वा सशस्त्र प्रहरी सेवाको प्राविधिक समूह अन्तर्गतको स्वास्थ्य उपसमूहको स्थायी पदमा कार्यरत चिकित्सक, नेपाल स्वास्थ्य सेवाबाट प्रदेश वा स्थानीय तहमा समायोजन भई वा प्रदेश लोकसेवा आयोगबाट स्थायी नियुक्ति पाई प्रदेश सरकार वा स्थानीय तहको स्थायी पदमा कार्यरत चिकित्सक सम्झनु पर्छ ।"

६. **मूल नियमावलीको नियम १७ मा संशोधन:** मूल नियमावलीको नियम १७ को सट्टा देहायको नियम १७ राखिएको छः-

"१७. **स्नातकोत्तर तहमा विद्यार्थी छनौट:** (१) स्नातकोत्तर तह अध्ययनको लागि सार्वजनिक शिक्षण संस्थामा देहायको समूहबाट देहाय बमोजिमको सिटमा विद्यार्थी छनौट गरिनेछः-

(क) खुला प्रतियोगिताबाट - साठी प्रतिशत

(ख) सरकारी सेवामा कार्यरत

स्वास्थ्यकर्मीबाट - तीस प्रतिशत

(ग) विदेशी विद्यार्थीबाट - दश प्रतिशत

<u>स्पष्टीकरण:</u> यस नियमको प्रयोजनको लागि "सरकारी सेवामा कार्यरत स्वास्थ्यकर्मी" भन्नाले प्रचलित कानून बमोजिम गठन भएको नेपाल स्वास्थ्य सेवाको स्थायी पदमा कार्यरत, सैनिक प्राविधिक सेवाको सैनिक स्वास्थ्य समूह, प्रहरी सेवाको प्राविधिक प्रहरी समूह अन्तर्गतको स्वास्थ्य उपसमूह वा सशस्त्र प्रहरी सेवाको प्राविधिक समूह अन्तर्गतको स्वास्थ्य उपसमूहको स्थायी पदमा कार्यरत, नेपाल स्वास्थ्य सेवाबाट प्रदेश वा स्थानीय तहमा समायोजन भई वा प्रदेश लोकसेवा आयोगबाट स्थायी नियुक्ति पाई प्रदेश सरकार वा स्थानीय तहको स्थायी पदमा कार्यरत स्वास्थ्यकर्मी सम्झनु पर्छ ।

(२) यस नियम बमोजिम सार्वजनिक शिक्षण संस्थामा भर्ना लिँदा नियम १३ बमोजिमको एकीकृत योग्यताक्रमको सूचीमा परेका सरकारी सेवामा कार्यरत स्वास्थ्यकर्मीलाई योग्यताक्रमका आधारमा प्राथमिकता दिई उपनियम (१) को खण्ड (ख) मा उल्लिखित सिट सङ्ख्याको अधीनमा रही भर्ना गर्नु पर्नेछ ।

(३) उपनियम (१) को खण्ड (ख) बमोजिमको सिटमा आवश्यक सङ्ख्यामा सरकारी सेवामा कार्यरत स्वास्थ्यकर्मी छनौट हुन नसकेमा त्यस्तो सिट सोही

उपनियमको खण्ड (क) बमोजिम खुल्ला प्रतियोगिताबाट छनौट गरिने सिट सङ्ख्यामा समावेश हुनेछ ।

(४) सरकारी सेवामा कार्यरत स्वास्थ्यकर्मीले सेवालाई उपयोगी र आवश्यक पर्ने विषयमा निजी प्रयासमा स्वदेशी शिक्षण संस्थामा अध्ययन गर्न चाहेमा निजले सेवा शर्त सम्बन्धी प्रचलित कानून बमोजिम पूर्व स्वीकृति लिई नियम १२ बमोजिम सञ्चालन हुने एकीकृत प्रवेश परीक्षाको दरखास्त फाराम भर्न सक्नेछ ।

(५) उपनियम (४) बमोजिमको सरकारी सेवामा कार्यरत स्वास्थ्यकर्मीले एकीकृत प्रवेश परीक्षा उत्तीर्ण गरी उपनियम (१) को खण्ड (क) बमोजिमको सिटमा योग्यताक्रमको आधारमा अध्ययन गर्न पाउने भएमा निजले सेवा शर्त सम्बन्धी प्रचलित कानून बमोजिम अध्ययन विदा स्वीकृति गराई सम्बन्धित शिक्षण संस्थामा भर्ना हुन सक्नेछ।

(६) उपनियम (१) को खण्ड (ख) बमोजिमको सिटमा आवेदन गर्न चाहने योग्यता पुगेका सरकारी सेवामा कार्यरत स्वास्थ्यकर्मीबाट आवेदन लिई प्रत्येक वर्ष एकीकृत प्रवेश परीक्षा हुनु अगावै आयोगले तोकेको अवधिभित्र सोको सूची सेवा समूह सञ्चालन गर्ने नेपाल सरकारको सम्बन्धित मन्त्रालय वा प्रदेश वा स्थानीय तहको हकमा सम्बन्धित प्रदेश वा स्थानीय तहले आयोगलाई उपलब्ध गराउनु पर्नेछ ।

(७) सरकारी सेवामा कार्यरत स्वास्थ्यकर्मी छनौट भई सम्बन्धित सार्वजनिक शिक्षण संस्थामा भर्ना भई बिचैमा अध्ययन छाडेमा वा छनौट भएको विषयमा भर्ना नभएको कारण त्यस्तो सिट सो वर्ष खाली हुन गएमा त्यस्तो स्वास्थ्यकर्मी नियम १२ बमोजिम सञ्चालन हुने एकीकृत प्रवेश परीक्षामा आगामी दुई वर्षसम्म सहभागी हुन पाउने छैन ।

(८) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि निजी शिक्षण संस्थामा स्नातकोत्तर तह अध्ययनको लागि विद्यार्थी छनौट गर्ने सम्बन्धी व्यवस्था ऐन तथा यस नियमावलीको प्रतिकूल नहुने गरी आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

(९) ऐनको दफा १७ को उपदफा (४) बमोजिम निजी शिक्षण संस्थाले स्नातकोत्तर तहमा उपलब्ध गराएको छात्रवृत्ति सिटमा खुला तर्फको एकीकृत योग्यताक्रमको सूचीमा रहेका उम्मेदवारबाट छनौट गरिनेछ ।

(१०) विदेशी मुलुक वा शिक्षण संस्थाबाट स्नातकोत्तर वा सो भन्दा माथिको तहमा अध्ययनका लागि नेपाल सरकारलाई प्राप्त हुने छात्रवृत्ति सिटमा नियम १६ को उपनियम (१) बमोजिमको सरकारी चिकित्सकबाट छनौट गरिनेछ ।

(११) नेपाल सरकार र विदेशी मुलुकको सरकार बीच भएको सम्झौता बमोजिम कुनै विदेशी

विद्यार्थीलाई अध्ययनको लागि सिट उपलब्ध गराउनु पर्ने भएमा स्नातक तहको हकमा नेपाल सरकारलाई प्राप्त हुने छात्रवृत्ति तर्फको सिटबाट र स्नातकोत्तर तहको हकमा उपनियम (१) को खण्ड (ख) बमोजिमको सिटबाट उपलब्ध गराउनु पर्नेछ ।"

७. **<u>मूल नियमावलीमा नियम १७क.थपः</u>** मूल नियमावलीको नियम १७ पछि देहायको नियम १७क. थपिएको छः-

"**१७क. <u>सिट सङ्ख्या निर्धारण तथा विद्यार्थी छनौट सम्बन्धी विशेष व्यवस्थाः</u>** (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सैनिक कल्याणकारी कोष नियमावली, २०६५ बमोजिम स्थापना भएको कल्याणकारी कोष अन्तर्गत सञ्चालित सार्वजनिक शिक्षण संस्थाको स्नातक तहमा विद्यार्थी छनौट तथा भर्ना गर्दा त्यस्तो शिक्षण संस्थाको कूल सिट सङ्ख्याको उनन्चास प्रतिशत सिटमा नेपाली सेनाका बहालवाला तथा भूतपूर्व सैनिक व्यक्तिको सन्तानमध्येबाट आयोगले निर्धारण गरेको योग्यताक्रमको आधारमा गरिनेछ।

(२) उपनियम (१) बमोजिम छुट्याई बाँकी रहेको एकाउन्न प्रतिशत सिटलाई शतप्रतिशत मानी सोको बाँडफाँड गर्दा नियम १७ को उपनियम (१) बमोजिम सार्वजनिक शिक्षण संस्था सरह गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम छुट्याइएको सिटमा छनौट तथा भर्ना हुने प्रयोजनको लागि उम्मेदवारले आयोगबाट सञ्चालन हुने एकीकृत प्रवेश परीक्षाको

दरखास्त फारामसाथ त्यस्तो उम्मेदवार सोही उपनियम बमोजिम छनौट तथा भर्ना हुन योग्य रहेको भनी सम्बन्धित निकाय वा कार्यालयले गरिदिएको सिफारिस समेत पेश गर्नु पर्नेछ ।

(४) उपनियम (१) को प्रयोजनको लागि आयोगले उम्मेदवारको योग्यताक्रमको छुट्टै सूची प्रकाशन गर्नेछ । त्यसरी प्रकाशित सूचीको योग्यताक्रमको आधारमा सम्बन्धित शिक्षण संस्थाले भर्ना गर्नु पर्नेछ ।

(५) उपनियम (१) बमोजिम छुट्याइएको सिटमा आवश्यक सङ्ख्यामा विद्यार्थी छनौट हुन नसकेमा त्यस्तो सिट उपनियम (२) बमोजिमको सिटमा समावेश हुनेछ ।"

८. **मूल नियमावलीको नियम २२ मा संशोधन:** मूल नियमावलीको नियम २२ को उपनियम (५) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर स्नातकोत्तर र सो भन्दा माथिको तहमा अध्ययनका लागि लिइने एकीकृत प्रवेश परीक्षामा सहभागी हुन ऐनको दफा ३८ को उपदफा (१) बमोजिमको अवधि भुक्तान भएको हुनु पर्नेछ ।"

९. **अनुसूचीमा संशोधनः** मूल नियमावलीको अनुसूची -५ को सट्टा देहायको अनुसूची -५ राखिएको छः-

## "अनुसूची-५

(नियम १६को उपनियम (१) को खण्ड (ख) सँग सम्बन्धित)

दुर्गम क्षेत्रमा काम गरे बापतको अङ्क

(क) देहायको भौगोलिक क्षेत्रमा काम गरे बापत प्रतिवर्ष ३ अङ्क

(१) ताप्लेजुङ्ग, सङ्खुवासभा, सोलुखुम्बु, दोलखा, मनाङ्ग, रोल्पा, रुकुम, हुम्ला, जुम्ला, मुगु, कालिकोट, डोल्पा, जाजरकोट, बझाङ्ग, बाजुरा, दार्चुला र दैलेख जिल्ला,

(२) धादिङ जिल्लाको सेतीवास उत्तरको सिंहार क्षेत्र,

(३) गोरखा जिल्ला सिर्दिवास उत्तरको लार्के क्षेत्र,

(४) रसुवा जिल्लाको राम्चे भन्दा उत्तरको क्षेत्र,

(५) लमजुङ्ग जिल्लाको खुदि उत्तरी क्षेत्र,

(६) मुस्ताङ जिल्ला र उत्तरी बाग्लुङको ढोर पाटन क्षेत्र,

(७) सदरमुकाम बाहेक पाँचथर, भोजपुर, तेह्रथुम, ओखलढुङ्गा, खोटाङ्ग, रामेछाप, अर्घाखाँची, गुल्मी, स्याग्दी, पर्वत सल्यान, प्यूठान, डडेलधुरा, डोटी, अछाम र बैतडी जिल्लाको सम्पूर्ण भाग,

(८) उत्तरी बाग्लुङको ढोरपाटन क्षेत्र र स्याग्दी जिल्लाको निस्कोट पहाडबाट दक्षिण तर्फ बाग्लुङ जिल्लाको तारा गाउँपालिकामा पर्ने रातामाटा हुँदै गुल्मी जिल्ला उत्तर दक्षिण अक्षांस रेखाको पूर्वी भाग बाहेकको बाग्लुङ जिल्ला।

(ख) देहायको भौगोलिक क्षेत्रमा काम गरे बापत प्रतिवर्ष २.५ अङ्क

(१) पाँचथर, भोजपुर, तेह्रथुम, ओखलढुङ्गा, खोटाङ्ग, रामेछाप, अर्घाखाँची, गुल्मी, म्याग्दी, पर्वत, सल्यान, प्यूठान, डडेलधुरा, डोटी, अछाम र बैतडी जिल्लाको सदरमुकाम,

(२) ईलाम, धनकुटा, उदयपुर, सिन्धुली, सिन्धुपाल्चोक, पाल्पा, तनहुँ, स्याङ्गजा, दाङ्ग, बर्दिया र सुर्खेत जिल्ला,

(३) सेतीवास उत्तरको सिंहार बाहेक धादिङ जिल्लाको बाँकी सम्पूर्ण भाग,

(४) सिर्दिवास उत्तरको लार्के क्षेत्र बाहेक गोरखा जिल्लाको बाँकी सम्पूर्ण भाग,

(५) खुदी उत्तर बाहेक लमजुङ जिल्लाको बाँकी सम्पूर्ण भाग,

(६) म्याग्दी जिल्लाको निरकोट पहाडबाट दक्षिण तर्फ, बाग्लुङ्ग जिल्लाको रातमाटा गाउँ हुँदै गुल्मी जिल्लालाई छुने उत्तर दक्षिण अक्षांस रेखा देखि पूर्व पर्ने बाग्लुङ्ग जिल्लाको बाँकी भाग,

(७) नुवाकोट, काभ्रेपलाञ्चोक, ललितपुर (उपत्यका बाहिर) जिल्लाको सम्पूर्ण भाग,

(८) सदरमुकाम बाहेक झापा, मोरङ, सुनसरी, धनुषा, महोत्तरी, सर्लाही, सप्तरी, सिरहा कास्की, नवलपरासी (बर्दघाट सुस्तापूर्व), नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) बारा, पर्सा, रौतहट, चितवन,

मकवानपुर, कपिलवस्तु, बाँके, कैलाली र कन्चनपुर जिल्लाको सम्पूर्ण भाग,

(९) सदरमुकाम र नगरपालिका क्षेत्र बाहेक रुपन्देही जिल्लाको सम्पूर्ण भाग ।"

**आज्ञाले,**
**राम प्रसाद थपलिया**
**नेपाल सरकारको सचिव ।**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.१०।-
गो.हु.द.नं. १६।२०६२।६३

मुद्रण विभाग